# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

**(नेपाल सरकारको स्वामित्व भएको)**

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**
**चलानी नं. :**

## <u>प्रेश विज्ञप्ति</u>

दलाल व्यवसायीहरुको शाखा/Remote Work Station (RWS) थप गरी धितोपत्रहरुको दोस्रो बजार सेवालाई विस्तार गर्ने सम्बन्धमा नेपाल स्टक एक्सचेन्जले गत वर्ष देखि नै प्रक्रिया आरम्भ गरेको सर्वविदितै छ ।

यस सम्बन्धमा नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एन्ड क्लियरिङ लिमिटेड तथा धितोपत्र दलाल व्यवसायीको प्रतिनिधिहरु समेतको सहभागितामा मिति २०७३/९/१७ गते बोर्डमा भएको छलफलमा धितोपत्र दलाल व्यवसायीहरुको शाखा विस्तारका लागि धितोपत्र दलाल व्यवसायीहरुको पुँजी, आवश्यक पूर्वाधार, जोखिम व्यवस्थापन, जनशक्ति तथा सोको व्यवस्थापन, नेप्सेको कारोबार प्रणाली तथा सिडिएस एन्ड क्लियरिङको राफसाफ तथा फछ्र्यौट कार्य व्यवस्थापन तथा सो कार्यसँग अन्तर्निहित जोखिम र सोको न्यूनीकरण लगायतका सम्बन्धमा नेप्सेको राय तथा सिफारिश पेश गर्ने निर्णय भएको थियो ।

सोही व्यहोरा उल्लेख गरी धितोपत्र बोर्डबाट नेप्सेमा पत्राचार भएकोमा नेप्से व्यवस्थापनबाट अध्ययन भई पेश हुन आएको निम्न बमोजिमको व्यवस्था लागू गर्ने र नेप्सेवाट भौतिक पूर्वाधार निरीक्षण प्रतिवेदन गरी तोकिएका सम्पूर्ण व्यवस्थाहरु पुरा भएको यकिन गरी दलाल व्यवसायीहरुको शाखा/ Remote Work Station (RWS) विस्तार गर्न उपयुक्त हुने हुँदा सो व्यहोरा नेपाल धितोपत्र बोर्डलाई जानकारी गराउनुका साथै धितोपत्र व्यवसायी नियमावली, २०६४ को दफा ४० अनुसार धितोपत्र दलाललाई नेपाल धितोपत्र बोर्डमा पूर्व जानकारी गराउन र व्यवसायीहरुको शाखा विस्तार/ Remote Work Station (RWS) विस्तार प्रकृया अगाडि बढाउन नेप्से सञ्चालक समितिको मिति २०७३/१०/०७ गतेको बैठकले व्यवस्थापनलाई निर्देशन दिएको छ ।

सञ्चालक समितिको उक्त निर्देशन अनुरुप धितोपत्र दलाल व्यवसायीहरुलाई Remote Work Station विस्तारका सम्बन्धमा धितोपत्र दलाल व्यवसायीको पुँजी, आवश्यक पूर्वाधार, जोखिम व्यवस्थापन, जनशक्ति र राफसाफ एवम् फछ्र्यौट कार्य व्यवस्थापन सम्बन्धी व्यहोरा नेपाल धितोपत्र बोर्डलाई जानकारी गराइएको छ ।

**पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।**
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**

नेपाल स्टक एक्सचेन्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
चलानी नं. :

**जोखिम व्यवस्थापन तथा न्यूनीकरणका लागि हाल नेप्सेले गरेको व्यवस्था**

(क) शाखा कार्यालय वा RWS ले गरेको कारोबारको पूर्ण विवरण मुख्य कार्यालयले हेर्नसक्ने व्यवस्था ।

(ख) आवश्यकता अनुसार जोखिम व्यवस्थापनका लागि थप निर्देशन दिन सकिने ।

(ग) पूँजी र NetWorth मा सुधार पश्चात मात्र शाखा कार्यालय संचालन गरिने भएकोले यसबाट समेत जोखिम न्यूनीकरणमा सहयोग पुग्ने ।

(घ) ब्रोकर कम्पनी तथा Remote Trading Terminal को Login monitoring को व्यवस्था ।

(ङ) Remote Trading Terminal तथा मुख्य सदस्य दलाल default भएमा संयुक्त रुपमा कारोबारबाट बञ्चित गर्न सकिने ।

(च) नेप्सेको कम्प्यूटरकृत कारोवार प्रणाली (CTS) मा खरिद बिक्री आदेश अन्तराष्ट्रिय अभ्यास अनुरुप नै भईरहेको र थप हुने RWS बाट प्राप्त हुने आदेशहरु पनि सोही अनुसार कारोबार हुने ब्यवस्था रहेको ।

(छ) राफसाफ एवं फर्छ्यौट कार्यका लागि हालकै व्यवस्था अनुसार नेप्सेले End of Day (EOD) मा सम्पूर्ण कारोबार विवरण सिडिएस एण्ड क्लियरिङ लि.लाई दिई प्रकृया संचालन गर्ने गरिएको ।

(ज) कारोबार पश्चात नेप्सेबाट प्राप्त Data का आधारमा सिडिएस एन्ड क्लियरिङ लि.ले राफसाफ एवं फर्छ्यौटको कार्य संचालन हुने गरेको ।

**धितोपत्र दलाल व्यवसायीहरुलाई शाखा / Remote Work Station (RWS) विस्तार गर्न दिने सम्बन्धमा नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरण**

**१. पुँजी :**

तत्कालका लागि रु. एक करोड नेटवर्थ भएको धितोपत्र दलाल व्यवसायीलाई मात्र Remote Work Station खोल्न दिने । त्यस्ता कम्पनीहरुले २०७४ असार मसान्तसम्ममा चुक्ता पुँजी रु.२ करोड पुर्‍याउनु पर्ने ।

**२. पूर्वाधार व्यवस्था :**

क. कम्तीमा तीन थान कम्पुटर र त्यसका लागि Power Backup भएको हुनुपर्ने ।

ख. कार्यालयका लागि कम्तीमा ४०० वर्ग फिटको स्थान हुनुपर्ने ।

ग. कारोबार कक्ष तथा डिस्प्ले कक्ष छुट्टाछुट्टै हुनुपर्ने ।

**पत्र संख्या :**
**चलानी नं. :**

घ. इमेल, इन्टरनेट, इन्ट्रानेट तथा सिसीटिभी जस्ता पूर्वाधारहरुको व्यवस्था हुनुपर्ने ।

ङ कार्यालयका लागि आवश्यक पर्ने फर्निचर, फिक्सचर्स तथा कार्यालय सामग्रीहरुको यथोचित व्यवस्था भएको हुनुपर्ने ।

च. कारोबार गर्ने कम्प्यूटरमा कम्तिमा १०० Megabits (Fast Ethernet) Network को प्रयोग तथा Operating System Windows 7 वा त्यस भन्दा आधुनिक हुनुपर्ने । Network का लागि Manageable Network Switch प्रयोग गर्नुपर्ने र HUB प्रयोग गर्न नपाउने ।

छ . Backup Network Link हुनुपर्ने ।

**३. जनशक्ति व्यवस्था :**

क. वाणिज्यशास्त्र वा अर्थशास्त्रमा कम्तिमा स्नातक वा चाटर्ड एकाउन्टेन्सी उतीर्ण गरेको व्यक्ति Remote Work Station प्रमुख हुनुपर्ने र तीन जना अन्य सहयोगी कर्मचारीको व्यवस्था हुनुपर्ने ।

ख. मुख्य कार्यालयमा शाखाको कार्य हेर्नको लागि कम्पनी सचिव/ब्रान्च कोअर्डिनेटर/ कम्पलायन्स अफिसरको व्यवस्था हुनु पर्ने ।

ग. मुख्य कार्यालयमा सूचना प्रविधि हेर्ने कर्मचारीको व्यवस्था हुनु पर्ने ।

**४. जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था** :

क. प्रत्येक शाखा कार्यालय वा RWS ले काठमाडौंमा उपलब्ध मुख्य कार्यालयले व्यवस्था गरेको Deposit का आधारमा कारोबारको Limit प्राप्त गर्नु पर्ने छ ।

ख. धितोपत्र दालाल व्यवसायीको कारोबारका लागि व्यवस्था भएका सबै नीति नियम शाखा कार्यालय वा RWS लाई समेत लागू हुने छ ।

ग. मुख्य कार्यालयले शाखा कार्यालय वा RWS संचालन र व्यवस्थापन सम्बन्धमा एक कार्यविधि बनाई लागू गर्नुपर्ने र सो कार्यविधि अनिवार्य रुपमा नेप्सेमा उपलब्ध गराउनुपर्ने छ ।

मिति : २०७३/१०/११

मुराहरि पराजुली
प्रवक्ता


**पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।**
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**